# थाहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणीचौर, मकवानपुर
### बागमती प्रदेश, नेपाल

फोन : ०५७-४०००६६
E-mail: info@thahamun.gov.np
thahamunicipality@gmail.com


प.सं. ०७९/८०
च.नं

थाहा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इन्द्रायणीचौर, मकवानपुर बागमती प्रदेश, नेपाल २०७३

मिति-२०८०/०३/११

सूचना ! सूचना !! सूचना !!!

**विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण व्यावसायी/आपूर्तिकर्ता/सेवा प्रदायक संघसस्था तथा सरोकारवाला सबैलाई पुनःताकेता गरी खर्च लेखाङ्कन तथा भुक्तानी बन्द हुने समबन्धमा सूचना ।**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली,२०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७(सात) दिन अगावै निकासा तथा खर्चको लेखा अध्यावधिक गरी खर्च लेखाङ्कन तथा भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ ।सोही बाध्यकारी व्यवस्था अनुसार चालु आर्थिक वर्ष- २०७९/०८० को **स्थानीय तह संचित कोष व्यबस्थापन प्रणाली (SuTRA)** *मिति २०८०/०३/२० गते पश्चात सुत्र (SuTRA) लगायतको विद्युतीय प्रणालीमा अत्यधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा निश्चित स्तरभन्दा बढी भार पर्न गएको अबस्थामा प्रणालीले अपेक्षाकृतरुपमा कार्य सम्पादन गर्न नसकी लेखाङ्कन तथा भुक्तानीसँग सम्बन्धित प्रणाली बन्द* हुने भएकोले नगरपालिका अन्तर्गतका विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण व्यावसायी/आपूर्तिकर्ता/सेवा प्रदायक संघसस्था तथा सरोकारवाला सबैलाई चालु आ.व.२०७९/०८० मा सञ्चालित योजना कार्यक्रमहरुको भुक्तानी प्राप्तीका लागि मिति २०८०/०३/१५ गते भित्र नगरपालिकाको आर्थिक प्रशासन शाखामा रीतपूर्वक प्रमाणित कागजात तथा विलभरपाई पेश गरी भुक्तानी लिनहुन पुनः ताकेता गरी यो सूचाना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । साथै निर्धारित समय सिमाभित्र भुक्तानीको लागि कागजात पेश नभई ढिलो गरी पेश भएमा सोको कारबाही नहुने र अर्को आर्थिक वर्षमा सोको भुक्तानी नहुने वेहोरा अनुरोध छ ।

हरि बहादुर खपाङ्गी मगर
(लेखा अधिकृत,आठौं)
(हरि ब. खपाङ्गी मगर)
(लेखा अधिकृत, आठौं)

कृष्ण गिरी
(प्रमुख प्रशासकीय अधिकृत)
कृष्ण गिरी
प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

१.श्रीमान नगर प्रमुखज्यू-अवगतार्थ तथा सहजीकरणको लागि ।
२.श्रीमान नगर उप-प्रमुख- अवगतार्थ तथा सहजीकरणको लागि ।

नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा

पत्र संख्याः २०७९/८०/४.१ मितिः २०८०।०३।१०

चलानी नं.: ३२३

विषयः आ व २०७९/८० मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने र सालतमाम सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सबै ।

चालु आ.व २०७९/८० मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको भुक्तानी निकासा बन्द गर्ने तथा सालतमाम सम्बन्धमा देहाय बमोजिम गर्नुहुन यस कार्यालयको मिति २०८०।०३।१० गतेको निर्णयानुसार अनुरोध छ ।

देहायः

१. संघ प्रदेश र स्थानीय तहहरुको आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै साविकमा जस्तै निकासा भुक्तानी र प्रणाली समेत बन्द हुने हुँदा संघीय कार्यालयहरुको हकमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० को उपनियम (१) र (२) बमोजिम र प्रदेश तथा स्थानीय तहले सोही नियमको उपनियम (७) र (८) बमोजिम गर्नु गराउनुहुन ।
२. प्रदेश र स्थानीय तहमा निकासा भई खर्च नभई बाँकी रहेको सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान चालु आ.ब. मा नै फिर्ता गर्न आवश्यक समन्वय गर्न र सोही अनुसार निकासा/खर्च कायम गर्नुहुन।
३. खासगरी असार २० गते पश्चात लेखांकन र भुक्तानीसंग सम्बन्धित विद्युतिय प्रणालीमा अत्याधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा निश्चित स्तर भन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृत रुपमा कार्यसम्पादन गर्न नसक्ने हुँदा, नियमानुसार भुक्तानी योग्य भुक्तानीहरु सम्भव भएसम्म समयमा नै भुक्तानी दिने व्यवस्था मिलाउनुहुन।
४. राजस्व, धरौटी र कार्यसञ्चालनकोष तर्फ आर्थिक वर्षको अन्तमा कुनै पनि नगद मौज्दात नराख्न र जिल्ला स्थित कुनै पनि कार्यालयमा नगद मौज्दात नराख्न कार्यालयहरुलाई स्पष्ट निर्देशन दिन र सोको प्रभावकारी अनुगमन गर्न र नगदमा संकलन भएको रकम बैंकमा दाखिलाको लागि स्थानीय आवश्यकता अनुसार आर्थिक बर्षको अन्तिम दिन सरकारी कारोबार गर्ने बैंक बेलुका अबेरसम्म संचालन गर्नको लागि आवश्यक समन्वय गर्ने,
५. एकल खाता कोषबाट जारी भएका राजस्वका चेकहरु आर्थिक वर्षको अन्तःसम्म सटही हुने व्यवस्था मिलाउनुहुन।

२०८०।०३।१०
(विष्णु प्रसाद बल्यासे)
लेखा अधिकृत